# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित**

**अनुसूची – १४**

**सोल्टी होटल लिमिटेडको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

### १. वित्तीय विवरण

कम्पनीको नेपाल लेखामानको आधारमा लेखांकन गरिएको आर्थिक वर्ष २०८१/८२ को २०८२ आषाढ ३२ गते मा अन्त्य भएको चौथो त्रैमासिक अवधिका आर्थिक विवरण तथा प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार प्रस्तुत गरिएको छ।

**(क) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिको वासलात, र नाफा नोक्सान सम्बन्धी विवरण :–**

(१) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को ३२ आषाढ २०८२ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिको बैधानिक लेखापरिक्षण नभएको (लेखापरीक्षण हुन बाँकी) तुलनात्मक वित्तीय विवरणहरु **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

(२) यस चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यावसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

**(ख) आर्थिक वर्ष २०८१/८२ को ३२ आषाढ २०८२ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपातहरु निम्नअनुसार रहेका छन्:–**

| विवरण | चौथो त्रैमासिक अवधि को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको चौथो त्रैमासिक अवधि को अन्त्यमा (लेखापरीक्षण भएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु:** | | | |
| ऋण पूंजिको अनुपात | ०.०२ | ०.०२ | ०.०१ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.२४ | ०.१८ | ०.२५ |
| प्रति शेयर आम्दानी (रु.) | ६.५६ | ४.५७ | ६.४६ |
| प्रति शेयर नेटवर्थ (रु.) | २७.१५ | २५.१७ | २५.४८ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३४.१४ | ३३.२७ | ३३.९२ |
| प्रति शेयर बजार मूल्य (रु १० प्रति शेयर) (रु.) | ५७७.५८ | ४९२.५३ | ४४२.०० |
| प्राईस अर्निंग रेसियो (टाईम्स) | ८८.०० | १०७.६८ | ६८.४३ |
| चालु अनुपात | ०.९० | १.०८ | १.०७ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको समीक्षा अवधि २०८२ बैशाख, जेठ, तथा आषाढ तीन महिना होटेलको पर्यटकीय व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरुमा अभिबृद्धि भएको छ। चौथो त्रैमासिक अवधिमा नेपालमा हवाईमार्ग बाट मात्र लगभग २ लाख ५६ हजार विदेशी पर्यटकहरुले नेपाल भ्रमण गरेका छन् भने २०८२ आषाढ मसान्तमा अन्त्य भएको आर्थिक वर्ष २०८१/८२ मा नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार हवाईमार्गबाट नेपाल आउने विदेशी पर्यटकहरुको आगमन संख्या लगभग ११ लाख ४५ हजार रहेको छ जसले गत आर्थिक वर्षको तुलनामा सामान्य अभिबृद्धि देखाउदछ। होटेलको पर्यटकीय व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरुमा सापेक्षिक रुपमा अभिबृद्धि भएको छ। नेपालमा अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा प्रतिवर्ष क्रमिक रुपमा अभिबृद्धि हुदै गएकोले विदेशी पर्यटक आगमनको संख्या कोभिड पूर्वको अवस्थामा पुगिसकेको छ।

समिक्षा आर्थिक वर्षमा नेपाल भ्रमणमा आउने पर्यटकहरु मध्ये भारतीय पर्यटकहरुको संख्या पहिलो स्थानमा रहेको छ भने संयुक्तराज्य अमेरिका, चिन, थाइल्याण्ड, बांगलादेश, अष्ट्रेलिया जर्मनी तथा संयुक्त अधिराज्य लगायतका देशहरुबाट उल्लेख्य रुपमा पर्यटक भ्रमणार्थिहरु नेपालमा पर्यटनका लागि आएको तथ्यांक छ।

संयुक्त राष्ट्रसंघ पर्यटन संगठनद्वारा प्रकाशित नवीनतम प्रतिवेदन विश्व पर्यटन बारोमिटर अनुसार, अन्तर्राष्ट्रिय पर्यटक आगमनमा कोभिडको अवस्थाबाट उल्लेखनीय पुनःउत्थान भई कोभिड पूर्वावस्थामा पुगिसकेको जनाएको छ। एशिया र प्रशान्त क्षेत्रले अन्तर्राष्ट्रिय पर्यटनमा उल्लेखनीय अभिबृद्धि गरेको छ। यस क्षेत्रले अन्तर्राष्ट्रिय पर्यटक आगमनमा महत्वपूर्ण अभिबृद्धि जनाउदै उल्लेखनीय सुधारका साथ महामारीपूर्वको पुर्वावस्था पुनःप्राप्ति गरेकोछ। साथै अन्तर्राष्ट्रिय पर्यटक आगमनमा लगातार बृद्धि भई रहेको छ।

विश्वमा अन्तर्राष्ट्रिय पर्यटन यात्राको लागि पर्यटन गन्तव्य स्थलहरुको ठुलो माग रहेको परिप्रेक्ष्यमा ठूला अर्थतन्त्रका मुलुकहरुबाट विश्वका अन्य आकर्षक पर्यटन गन्तव्यहरूमा पर्यटनका लागि पर्यटक अतिथीहरु यात्रामा निस्कने प्रवृत्ति बढेको छ। पर्यटनको भविष्यको परिदृश्यको सम्बन्धमा विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटक आगमन तथा पर्यटकीय गतिविधिहरु बढ्दो क्रममा रहेको छ। आगामी वर्षहरुमा विशेष गरी एशिया र प्रशान्त क्षेत्रका पर्यटक गन्तव्य बजारहरूमा पर्यटनको मागमा तिब्र अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

कम्पनीको पाँचतारे डिलक्स लक्जरी होटेल, दी सोल्टी काठमाण्डौ अटोग्राफ कलेक्सन होटेल्स तथा अन्तर्राष्ट्रिय स्तरमा वायुसेवा प्रदायक अन्तर्राष्ट्रिय एयरलाइन्सहरुलाई इन्फ्लाइट क्याटरिङ सेवा प्रदायक यस कम्पनीको उडान सेवा महाशाखा, दी सोल्टी गेट गुरमेटका व्यावसायीक गतिबिधिहरुबाट प्राप्त कुल आम्दानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य रुपमा अभिबृद्धि भएको छ।

(ख) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक समीक्षा अवधिको अन्त्य सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरु अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोही अवधि संग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आम्दानी आर्जनमा लगभग ११ प्रतिशतको अभिवृद्धि भएको छ।

कम्पनीको समिक्षा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिको अन्त्य अवधि २०८२ साल आषाढ मसान्त सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत वित्तीय विवरणहरूको कार्यसम्पादन सूचकांकहरूको विश्लेषण गर्दा, कम्पनीको समग्र व्यवसायिक प्रदर्शनमा उल्लेख्य अभिवृद्धि देखिएको छ र व्यावसायीक कार्यसम्पादनमा सन्तोषजनक प्रगति भएको छ।

कम्पनीको समीक्षा चौथो त्रैमासिक अवधिमा, यसको कार्यसम्पादन, होटेल संचालन तथा व्यावस्थापन सम्बन्धी गतिविधिहरु कुशलतापूर्वक, व्यावसायीक रणनीतिक कार्ययोजना अनुसार संचालित र व्यावस्थापित रहे। कम्पनीको व्यावस्थापनले प्रतिकुल परिस्थितिमा पनि सुदृढताका साथ कार्यकुशलता तथा व्यावस्थापकीय कौशल्यता प्रदर्शन गर्ने, व्यावस्थापकीय कार्यसम्पादनमा निपूर्णता, व्यवसायीक कार्यदक्षता तथा सुझबुझका साथ कार्यक्षमता प्रदर्शन गर्ने सबल व्यावस्थापनको कार्यदिशा र व्यवसायिक कुशल कर्पोरेट संस्कार निरन्तर जारी रह्यो। कम्पनीको उच्च व्यावस्थापन, सम्पूर्ण कर्मचारीहरुको पूर्ण सहयोग, समर्थन र व्यावसायीक परिपक्वता प्रदर्शन कायमै रह्यो।

समीक्षा त्रैमासिक अवधिमा कम्पनीका व्यावसायिक खर्चहरुमा पूर्णतः मितव्ययीता अपनाईयो। अनावश्यक तथा तत्कालका लागि आवश्यक नभएका व्यावसायिक खर्चहरुमा कटौति गर्ने, शसक्त आन्तरिक तथा विश्व बजार व्यावस्थापन, सुदृढ उच्च व्यावस्थापन तथा होटल व्यावस्थापनका सबै आयामहरुलाई चुस्त तथा दुरुस्त पारिएको छ तथा यो कार्य तथा प्रयास निरन्तर जारी रहनेछ। कम्पनीले होटेल व्यावस्थापनका लागि आवश्यक सबै व्यावसायीक तथा रणनीतिक कार्यहरुलाई आगामी दिनहरुमा पनि निरन्तरता दिनेछ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता रणनीतिक कार्यक्षमता र व्यावस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूंजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन्।

(घ) चालु आर्थिक वर्ष २०८२/८३ को आगामी प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिबिधिहरुको सन्दर्भमा विश्व पर्यटनका गतिबिधिहरुको उत्थान तथा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरुका नेपाल गन्तब्य तर्फको अन्तर्राष्ट्रिय व्यावसायीक उडानहरु नियमित रुपमा संचालित रहेको परिप्रेक्ष्यमा नेपालको पर्यटन बजार पनि लाभान्वित हुने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को आगामी प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिबिधिहरुमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा बजारिकरण निर्धारित रणनीति अनुसार सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिबिधिहरु कुशलतापूर्वक संचालन गर्ने नीति जारी राख्नेछ।

(ङ) समीक्षा अवधिमा सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय हवाई उडानका गतिबिधिहरु नियमित रुपमा संचालनमा रहेकाले होटेलमा पर्यटक आगमनको अवस्था संतोषजनक रह्यो। प्रितिभोज तथा विवाह समारोहहरु (बैंक्वेट) खण्डका गतिविधिहरु निरन्तर आयोजित भए। आगामी त्रैमासिक अवधिमा पनि सोही अनुसार पर्यटन वजार विस्तार तथा विश्व पर्यटन बजारका विभिन्न खण्डहरुमा होटेलको पहुच सुनिश्चित गर्दै होटेलका व्यावसायीक गतिबिधिहरु जारी रहनेछन्।

कम्पनीले समिक्षा चौथो त्रैमासिक अवधिमा व्यावस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यावसायमा आईपर्ने र कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यावस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यावस्थापनमा होटेल संचालन तथा व्यावस्थापन गर्ने नीतिलाई कठोरताका साथ पालना गरेको छ।

साथै, आगामी त्रैमासिक अवधिमा पनि वर्तमानमा अंगीकार गरेको स्थापित व्यावसायीक नीति तथा रणनीतिहरुलाई कायम राख्दै सापेक्षरुपमा आगामी त्रैमासिक अवधिको होटेलको आम्दानी अभिबृद्धि गर्ने, खर्चहरुमा अपेक्षित मितव्ययीता अपनाउने जस्ता नियन्त्रणात्मक रुपमा व्यावसायीक गतिबिधिहरु कडाई तथा दृढताका साथ लागू गर्दै शसक्त व्यावस्थापकीय कार्यकुशलता तथा कार्यदक्षताका साथ कम्पनीको व्यावसायिक क्रियाकलापहरु संचालन तथा व्यावस्थपनमा पूर्णतः ध्यान केन्द्रित गर्नेछ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिमा कम्पनीले नागरिक उड्डयन प्राधिकरण विरुद्ध करारको यथावत परिपालना सम्बन्धी मुद्दामा सम्मानित उच्च अदालत पाटनमा पुनरावेदन दायर गरेको छ। साथै, कम्पनीले सम्मानित श्रम अदालत र पुर्व कर्माचारीलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेको छ। सर्वोच्च अदालतमा कम्पनी समेत लाई विपक्षी बनाई सम्मानित श्रम अदालत विरुद्ध पुर्व कर्माचारीले पनि रिट दायर गरेका छन।

(ख) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्त २०८२ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा **प्रति शेयर रु. १० का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या** देहाय बमोजिम रहेको छ:–

| त्रैमासिक आ.व. २०८१/८२ (२०२४/२५) | शेयरको कारोबार – मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| **चौथो त्रैमासिक (२०८२ आषाढ मसान्त)** | ६१७.९ | ४८८.१ | ५७७.५८ | ६३ | ३४,०६४ | १,३१,३६,६५० |

### ५. समस्या तथा चुनौती

**(क) समस्या तथा चुनौतीहरु:**

**आन्तरिक चुनौतीहरु:**

(१) यस कम्पनीमा उल्लेखनीय आन्तरिक समस्या देखिएको छैन।

**बाह्य चुनौतीहरु:**

(२) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (जस्तै भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुल प्रभावहरु।

(३) अप्रत्याशित रूपमा घट्ने पर्यटन गतिविधिहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूको प्रभाव।

(४) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरूको अभावबाट उत्पन्न हुने नकारात्मक प्रभाव।

(५) पर्यटकहरूको सुरक्षा, देशको आर्थिक र राजनीतिक अवस्था, तथा सम्बन्धित पर्यटन बजार मुलुकहरूबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरूबाट व्यवसायमा पर्ने असरहरू।

(६) विदेशी विनिमय दर (अमेरिकी डलर र युरो आदि) मा हुने अप्रत्याशित उतारचढाव।

(७) ऊर्जा, विद्युत, इन्धन तथा सम्बन्धित औद्योगिक वस्तुहरूमा हुने अप्रत्याशित मूल्यवृद्धि, उपभोग्य वस्तुहरूको मूल्यवृद्धि, र श्रमसम्बन्धी समस्याहरूबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू।

(८) नयाँ नयाँ होटेलहरूको सञ्चालन पश्चात् देखापरेको र भविष्यमा देखिन सक्ने होटेल कोठाहरूको आपूर्तिमा वृद्धि तथा पर्यटन बजारको मागमा आएको असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव।

(९) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रूपमा हुने बन्द-हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी, सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव, तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा कमीबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू।

(१०) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरू, प्राकृतिक तथा दैवी विपद् (भूकम्प, बाढी, पहिरो आदी) बाट व्यवसायमा पर्ने प्रभावहरू।

**(ख) रणनीति**

प्राकृतिक विपद तथा महामारी जस्तो दैवि प्रकोपको कारण निम्तिन सक्ने अप्रत्याशित तथा अनिश्चित प्रतिकुल परिस्थितिबाट बचाउन वा रोकथामको लागि सरकारबाट जारी गरिने आवश्यक वैधानिक प्रतिबन्धात्मक उपायहरुबाट पर्यटनमा पर्ने प्रतिकुल परिस्थितिहरुमा पनि वैधानिक पूर्ण अनुपालनाहरुका साथ होटेल संचालन सम्बन्धी व्यावसायीक गतिविधीहरु संचालन गर्दै होटेलका पूर्वाधार संरचना र सुबिधाहरुलाई पूर्ण क्रियाशिल राख्ने कार्यकुशलताका रणनीतिक कार्ययोजनाको तर्जुमा गर्ने।

संचालन खर्च घटाउनको लागि अपनाउनुपर्ने सबै व्यावसायीक रणनीतिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको संचालन तथा व्यावस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सोसंग सम्बन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौती गर्ने र होटेललाई प्रतिकूल परिस्थितिमा पनि अनुकूल वातावरण बनाई आय आर्जनमा अभिबृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिईएकोछ।

### ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(१) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा र व्यवस्थापकीय प्रतिवेदनहरूको त्रैमासिक पुनरावलोकन र समीक्षा गर्दै आवश्यक सुझावहरू प्रदान गर्दछ। साथै, प्रतिवेदनमा उल्लेखित सिफारिसहरूको कार्यान्वयन भएको वा नभएको अनुगमन पनि गर्दछ। लेखापरीक्षण समितिले कम्पनीको सञ्चालक समिति समक्ष नियमित रूपमा प्रतिवेदन पेश गर्ने गर्दछ, र सञ्चालक समितिले आवश्यक निर्देशनहरू प्रदान गर्ने गर्दछ।

(२) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत, कम्पनी तथा होटेलको आन्तरिक लेखापरीक्षणको व्यवस्था गरेको छ।

(३) कम्पनीको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक, स्वतन्त्र चार्टर्ड एकाउन्टेण्टस् द्वारा गरिन्छ, जसले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ। लेखापरीक्षण समितिले सो सम्बन्धमा सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ।

(४) कम्पनीले नियमनकारी निकायहरूद्वारा जारी गरिएका नियम, विनियम, निर्देशनहरू तथा अन्य प्रचलित ऐन र कानुनहरू अनुसार पालना गर्नुपर्ने मापदण्डहरूको पूर्ण रुपमा पालना गर्दछ।

### ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

---

**अनुसूची १**

## SOALTEE HOTEL LIMITED

### UNAUDITED FINANCIAL RESULTS

### AT THE END OF 32 ASHADH 2082 (16 JULY 2025), THE FOURTH QUARTER OF THE FISCAL YEAR 2081/082 (2024/25)

| PARTICULARS | UP TO FOURTH QUARTER 32 ASHADH 2082 (UNAUDITED) | UP TO PREVIOUS QUARTER (UNAUDITED) | CORRESPONDING PREVIOUS YEAR QUARTER (AUDITED) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 16 JULY 2025** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 2,709,652,108 | 2,476,177,213 | 2,193,754,170 |
| Intangible Assets | 15,792 | 30,631 | 49,612 |
| Investment Property | 87,603,024 | 88,179,344 | 89,383,825 |
| Investments | 281,276,188 | 281,276,188 | 281,276,188 |
| Trade and Other Receivables | 35,655,834 | 41,780,720 | 22,899,490 |
| **Total Non-Current Assets** | **3,114,202,946** | **2,887,444,096** | **2,587,363,285** |
| **Current Assets** | | | |
| Inventories | 129,911,035 | 128,405,446 | 131,237,015 |
| Trade and Other Receivables | 169,086,924 | 246,959,739 | 307,900,732 |
| Prepayments | 11,009,475 | 17,186,346 | 22,968,794 |
| Cash and Cash Equivalent | 64,000,007 | 119,435,645 | 101,915,371 |
| **Total Current Assets** | **374,007,441** | **511,987,176** | **564,021,912** |
| **Total Assets** | **3,488,210,387** | **3,399,431,272** | **3,151,385,197** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 1,021,862,690 | 1,021,862,690 | 928,953,700 |
| Retained Earnings and Reserves | 1,752,974,308 | 1,549,657,292 | 1,437,862,264 |
| **Total Equity** | **2,774,836,998** | **2,571,519,982** | **2,366,815,964** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 50,053,890 | 55,472,666 | 6,636,303 |
| Employee Benefits | 125,866,844 | 122,136,313 | 125,414,473 |
| Deferred Tax Liabilities | 34,169,877 | 34,169,877 | 34,169,877 |
| Trade and Other Payables | 87,334,100 | 142,544,975 | 92,675,392 |
| **Total Non-Current Liabilities** | **297,424,711** | **354,323,831** | **258,896,045** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 1,308,000 | 1,308,000 | 1,360,289 |
| Employee Benefits | 97,429,780 | 76,665,937 | 87,595,759 |
| Income Tax Payable | 31,586,870 | 80,488,790 | 5,826,327 |
| Trade and Other Payables | 285,624,028 | 315,124,732 | 430,890,813 |
| **Total Current Liabilities** | **415,948,678** | **473,587,459** | **525,673,188** |
| **Total Liabilities** | **713,373,389** | **827,911,290** | **784,569,233** |
| **Total Equity and Liabilities** | **3,488,210,387** | **3,399,431,272** | **3,151,385,197** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 0N 16 JULY 2025** | | | |
| Revenue | 2,770,089,629 | 1,890,817,217 | 2,498,418,467 |
| **Total Revenue** | **2,770,089,629** | **1,890,817,217** | **2,498,418,467** |
| Consumption of Food and Beverages | 457,001,243 | 324,476,739 | 405,153,476 |
| Employee Benefit Expenses | 632,321,251 | 437,002,078 | 563,383,728 |
| Operating Expenses | 310,965,670 | 220,247,137 | 303,460,367 |
| Depreciation and Amortization Expenses | 155,511,983 | 110,154,321 | 137,503,255 |
| Administrative & Other Expenses | 385,814,366 | 207,191,689 | 337,967,880 |
| **Total Expenses** | 1,941,614,513 | 1,299,071,964 | 1,747,468,706 |
| **Profit/(Loss) from Operation** | **828,475,116** | **591,745,253** | **750,949,761** |
| Finance Cost | 3,857,590 | 546,158 | 3,602,880 |
| **Profit/(Loss) Before Taxes** | **824,617,526** | **591,199,095** | **747,346,881** |
| Provision for Tax | 153,907,555 | 123,806,138 | 137,462,999 |
| Deferred Tax Expenses/(Income) | - | - | 9,841,419 |
| **Net Profit/(Loss) After Tax** | **670,709,971** | **467,392,957** | **600,042,463** |

Note: The above Financial Statement presentation is subject to change if instructed otherwise by the Statutory Auditors or changes made by the Regulatory Authority, if any.